"कला संस्कृतियुक्त, स्वच्छ समुन्नत टोखा नगर"
टोखा नगरपालिका
टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल ।

पत्र संख्याः ०८२/८३ (प्रशासन शाखा)
च.नं.: २६५२

मितिः २०८२।१०।०७
ने.सं.: ११४६ सिल्लाथ्व ३ बुधबार

श्री वडा कार्यालय (१-११) सबै
टोखा नगरपालिका ।

**बिषय : सार्वजनिक सूचना प्रकाशित गरिदिने सम्बन्धमा ।**

उपरोक्त सम्वन्धमा मिति २०७८/१२/२० मा यस नगरपालिकाबाट प्रकाशित सूचना अनुसार मिति २०७८/१२/२० देखि २०७९/०१/१५ सम्म सम्पूर्ण वडा कार्यालयहरुमा पेश भएका निवेदन अनुसार सम्वन्धित वडामा बसोबास गर्ने निवेदकहरुले आफ्नो र आफ्नो परिवारका सदस्यको स्वामित्वमा नेपाल राज्य भित्र जग्गा जमिन नभएको र परिवारको आय आर्जन स्रोत वा प्रयासबाट जग्गाको प्रवन्ध गर्न असमर्थ भएको, बिगतमा आफू र आफ्नो परिवारका सदस्यलाई नेपाल सरकारले कुनै प्रकारको जग्गा वा जग्गाको स्वामित्व सहितको आवास उपलब्ध नगराएको तथा मिति २०७६/१०/२८ पछि आफ्नो वा परिवारका कुनै सदस्यको नाममा रहेको जग्गा बिक्रि वा हक हस्तान्तरण नगरेको भनि आफूलाई भूमिहीन दलित / भूमिहीन सुकुम्बासी / अब्यवस्थित बसोबासी दावी गरी जग्गा आवाद कमोत गर्दै आएको स्थानमा वा अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी नियमानुसार जग्गा पाउन स्थानीय तह मार्फत आयोगमा निवेदन पेश गरेकोमा निजको अस्थायी निस्सा बितरण गरिएको यथार्थ विवरण सहितको सूची खुल्ने गरी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अब्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधी, २०८१ को अनुसूची-९(क) बमोजिमको ढाँचामा ७ दिने तथा अब्यवस्थित बसोबासीको हकमा १५ दिने सूचना प्रकाशन गरिदिनुहुन अनुरोध गरिन्छ । निवेदनमा उल्लेखित ब्यहोरा संशोधन गर्नुपरेमा निवेदक स्वयंले र कुनै उजुर बाजुर वा दावी बिरोध भए जोसुकैले तोकिएको मिति भित्र सम्बन्धित वडामा प्रमाण सहित निवेदन दर्ता गराउनुहुन वा उजुरी गर्न सक्ने ब्यवस्था मिलाउनु हुन जानकारी गराइन्छ ।

२०८२।१०।०६
कमल भट्टराई
प्रमुख प्रशासकीय अधिकृत